# लिखु गाउँपालिका

# अठारौं गाउँसभा (बजेट अधिवेशन)

# निर्णय पुस्तिका

मिति:२०८२/०३/१० र २६ गते

# आर्थिक वर्ष ०८२/८३

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

यस लिखु गाउँपालिकाको अठारौं गाउँसभा (बजेट अधिवेशन), सभाका अध्यक्ष श्री अशोक कुमार कार्कीको सभा अध्यक्षतामा मिति २०८२ साल असार १० र २६ गतेका दिन भएका बैठकहरुको निर्णय देहायबमोजिम रहेका छन्।

**गाउँ सभामा पेश भएका प्रस्तावहरुः**

१. गाउँ सभा बैठकको कार्यसूची सम्बन्धमा।

२. न्यायिक समिति प्रतिवेदन र प्रमुख प्रशासकीय अधिकृत प्रतिवेदन सम्बन्धमा।

३. आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।

४. आर्थिक वर्ष ०८२/८३ को बजेट बक्तव्य, बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।

५. विभिन्न विधेयक पारित तथा संशोधन सम्बन्धमा।

६. बेरुजु सम्परीक्षण सम्बन्धमा।

७. कार्यपालिकाबाट पेश भएका प्रस्ताव सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १: प्रस्ताव नं. १** माथि छलफल गर्दा लिखु गाउँपालिकाको अठारौं गाउँसभा (बजेट अधिवेशन) को बैठकहरुका कार्यसूची देहाय बमोजिम भएकोले सोही अनुसार बैठक सञ्चालन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**प्रथम बैठकको कार्यसूची**
**मिति २०८२/०३/१०**

| क्र.सं. | मिति | कार्यसूची | समय (बजे) विहान |
|---|---|---|---|
| १ | २०८२/०३/१० | सभाध्यक्षको आगमन (धुन सहित राष्ट्रिय गान),पालिका गान | ०२:००-०२:०५ |
| २ | २०८२/०३/१० | अधिवेशन प्रारम्भको घोषणा<br>प्रथम बैठकको कार्यसूचीको जानकारी | ०२:०५-०२:१५ |
| ३ | २०८२/०३/१० | सभामा पालना गर्नु पर्ने नियम तथा आचार संहिताको जानकारी | ०२:१५-०२:२० |
| ४ | २०८२/०३/१० | प्रशासकीय प्रतिवेदन प्रस्तुत | ०२:२०-०२:३० |
| ५ | २०८२/०३/१० | न्यायिक समिति प्रतिवेदन | ०२:३०-०२:३५ |
| ६ | २०८२/०३/१० | आर्थिक बर्ष ०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत | ०२:३५-०३:०० |
| ७ | २०८२/०३/१० | आर्थिक बर्ष ०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत | ०३:००-०३:३० |
| ८ | २०८२/०३/१० | आर्थिक विधेयक, २०८२ प्रस्तुत | ०३:३०-०३:४० |
| ९ | २०८२/०३/१० | विनियोजन विधेयक, २०८२ प्रस्तुत | ०३:४०-०३:५० |
| १० | २०८२/०३/१० | दलित सशक्तिकरण र विकास सम्बन्धमा बनेको विधेयक, २०८२, न्यायिक समितिको कार्यविधि ऐन, २०७५ संशोधन प्रस्ताव प्रस्तुत | ०३:५०-०४:२० |
| ११ | २०८२/०३/१० | बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव | ०४:२०-०४:३० |
| १२ | २०८२/०३/१० | कार्यपालिकाको प्रस्ताव प्रस्तुत | ०४:३०-०४:५० |

| | | | |
|---|---|---|---|
| १३ | २०८२/०३/१० | आगामि बैठकको मिति, समय र स्थानको जानकारी | ०४:५०-०४:५५ (२०८२/०३/२६) |
| १४ | २०८२/०३/१० | सभाध्यक्षको मन्तव्य सहित प्रथम बैठक अन्त्यको घोषणा | ०४:५५-०५:०० |

**दोस्रो बैठकको कार्यसूची**

**मिति २०८२/०३/२६ गते**

| **क्र.सं.** | **मिति** | **कार्यसूची** | **समय(बजे) बिहान** |
|---|---|---|---|
| १ | २०८२/०३/२६ | सभाध्यक्षको आगमन (धुनसहित राष्ट्रिय गान), पालिका गित | १२:३०-१२:०५ |
| २ | २०८२/०३/२६ | अधिवेशन प्रारम्भको घोषणा<br>दोस्रो बैठकको कार्यसूचीको जानकारी | १२:०५-१२:१५ |
| ३ | २०८२/०३/२६ | सभामा पालना गर्नुपर्ने नियम तथा आचारसंहिताको जानकारी | १२:१५-१२:२० |
| ४ | २०८२/०३/२६ | न्यायिक समिति प्रतिवेदन  र प्रमुख प्रशासकीय अधिकृत प्रतिवेदन उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:२०-१२:३० |
| ५ | २०८२/०३/२६ | आर्थिक वर्ष  ०८२/०८३ को नीति तथा कार्यक्रम उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:३५-१२:४० |
| ६ | २०८२/०३/२६ | आर्थिक वर्ष  ०८२/०८३ को बजेट तथा कार्यक्रम उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:४०-१२:४५ |
| ७ | २०८२/०३/२६ | आर्थिक विधेयक, २०८२ उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:४५-१२:५० |
| ८ | २०८२/०३/२६ | विनियोजन विधेयक, २०८२ उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:५०-१२:५५ |
| ९ | २०८२/०३/२६ | दलित सशक्तिकरण र विकास सम्बन्धमा बनेको विधेयक, २०८२ उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | १२:५५-०१:०० |
| १० | २०८२/०३/२६ | न्यायिक समितिको कार्यविधी ऐन,२०७५ संशोधन उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | ०१:००-०१:०५ |
| १२ | २०८२/०३/२६ | बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | ०१:०५-०१:१० |
| १३ | २०८२/०३/२६ | कार्यपालिकाको प्रस्ताव उपर छलफल तथा निर्णयार्थ प्रस्तुत | ०१:१०-०१:१५ |
| १४ | २०८२/०३/२६ | सभाध्यक्षको मन्तव्यसहित अधिवेशन अन्त्यको घोषणा | ०१:१५- ०१:२० |

**निर्णय नं. २: प्रस्ताव नं. २** सभाको बैठकमा प्रस्तुत भएका प्रमुख प्रशासकीय अधिकृत र न्यायीक समितिको आर्थिक बर्ष २०८१/८२ को कार्य प्रगति प्रतिवेदनहरु देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो। प्रतिवेदनहरु यसै साथ संलग्न छन्।

**(क) प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदन**

| **क्र.सं.** | **विवरण** | **पारित विधि** | | |
|---|---|---|---|---|
| | | **बहुमत** | **सर्वसम्मत** | **संशोधन** |
| १. | प्रमुख प्रशासकीय अधिकृत | - | सर्वसम्मत | - |

**(ख) न्यायिक समितिको प्रतिवेदन**

| **क्र.सं.** | **विवरण** | **पारित विधि** | | |
|---|---|---|---|---|
| | | **वहुमत** | **सर्वसम्मत** | **संशोधन** |
| १ | न्यायीक समितिको प्रतिवेदन | - | सर्वसम्मत | - |

**निर्णय नं. ३: प्रस्ताव नं. ३** माथि आवश्यक छलफल गर्दा यस गाउँसभाको प्रथम बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। नीति तथा कार्यक्रम यसै साथ संलग्न छ।

**निर्णय नं. ४: प्रस्ताव नं. ४** माथि आवश्यक छलफल गर्दा यस गाउँ सभाको प्रथम बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। बार्षिक बजेट तथा कार्यक्रम यसै साथ संलग्न छ।

**निर्णय नं. ५: प्रस्ताव नं. ५** माथि आवश्यक छलफल गर्दा यस सभाको प्रथम बैठकमा पेश भएका विधेयकहरु देहाय बमोजिमका स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

क) पारित भएका विधेययकहरु

| क्र.सं. | विवरण | पारित विधि | | |
|---|---|---|---|---|
| | | वहुमत | सर्वसम्मत | संशोधन |
| १ | आर्थिक विधेयक, २०८२ | - | सर्वसम्मत | - |
| २ | विनियोजन विधेयक, २०८२ | - | सर्वसम्मत | - |
| ३ | दलित सशक्तिकरण र विकास सम्बन्धमा बनेको विधेयक, २०८२ | - | सर्वसम्मत | - |

ख) न्यायिक समितिको कार्यविधि ऐन, २०७५ देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को परिच्छेद ८ को दफा ५९ को उपदफा १ को<br>(क) कम्तिमा स्नातक उत्तिर्ण गरेको<br>(ख) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको । | (क) कम्तिमा एस.ई.ई. **(वा सो सरह)** उत्तीर्ण गरेको<br>(ख) खारेजी | (क) स्नातक उत्तीर्ण व्यक्ति मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन नआएकोले न्यूनतम शैक्षिक योग्यता उपयुक्त हुने ।<br>(ख) मेलमिलापकर्ताको तालिम लिई कार्य गर्न इच्छुक व्यक्तिहरूको कमी रहेकोले तालिमको प्रावधान हटाउन उपयुक्त हुने । |

**निर्णय नं. ६: प्रस्ताव नं. ६** माथि आवश्यक छलफल गर्दा देहायको लिखु गाउँपालिकाको बिभिन्न आ.व. मा महालेखा परिक्षकको कार्यालयबाट औल्याइएका बेरुजुहरुका सम्बन्धमा आर्थिक कार्यबिधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार तपशिल बमोजिमको व्यहोराको आधारमा नियमित गरी बेरुजु फछ्र्यौट तथा फरफारकको लागी दफावार छलफल गरि पेश भएका देहायका प्रस्तावहरुलाई स्वीकृत गरी महालेखा परिक्षकको कार्यालयसमक्ष पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**आर्थिक वर्ष ०७४/०७५**

१) बेरुजु दफा ३५, १ नं. प्रदेश सरकारले प्रमाणीकरण गरेको गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गरेको छ । प्रचलित कानुनले तोकेको बाहेक गाउँसभाको निर्णयबाट गाउँसभा बैठक भत्ता र यातायात खर्च वापत रु. ३३,७३,३००।०० खर्च भुक्तानी गरेको छ । आगामी दिनमा जनप्रतिनिधिहरुलाई दिइने यस्ता सेवासुविधा कोशी प्रदेश कानुन बमोजिम गर्न निर्देशन दिई हाललाई अनियमित देखिएको भुक्तानी रु.३३,७३,३००।०० नियमित गरि बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२) बेरुजु दफा ३६, जनप्रतिनिधिहरुले योजना अनुगमन, तालिम, गोष्ठी आदिमा लिएको दैनिक भ्रमण भत्ता तथा अनुगमन खर्च बापत लिएको रकम सम्बन्धमा यस गाउँपालिकाले खर्चको मापदण्ड तयार गरि सकेको र प्रदेश कानुनले समेत व्यवस्थित गरेको हुदाँ अब उपरान्त सोही बमोजिम हुने गरि यस आर्थिक वर्षमा भएको अनियमित देखिएको खर्च रु.२१,१२,७५०।०० नियमित गरि बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष ०७५/०७६**

३) बेरुजु दफा ४१, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउ पत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले एकमुष्ट खरिद योजना नबनाई खर्च गरेको अनियमित देखिएको रु. ४७,२३,९८२।०० अब उपरान्त सार्वजनिक खरिद ऐन, २०६३ र सोही नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खर्च गर्न निर्देशन दिई नियमित गरि बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

४) बेरुजु दफा ४२, आर्थिक कार्यविधि नियमावली २०६७४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धी कार्यविधिको व्यवस्था रहेको छ । बजेट सिद्धान्त विपरित अध्यक्षको तोक आदेश बमोजिम भएको अनियमित देखिएको खर्च रु.२१,८१,४८८।०० तर्फ कार्यपालिका तथा सभाको गम्भीर ध्यानाकर्षण भएको र अब उपरान्त प्रचलित कानून एवं बजेट

सिद्धान्त बमोजिम मात्र खर्च गर्ने गरि उक्त बेरुजु नियमित गरि बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष ०७६/०७७**

५) बेरुजु दफा २९, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउ पत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले एकमुष्ट खरिद योजना नबनाई खर्च गरेको अनियमित देखिएको रु. ४६,१७,९००।०० अब उपरान्त सार्वजनिक खरिद ऐन, २०६३ र सोही नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खर्च गर्ने निर्देशन दिई नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**आर्थिक वर्ष ०७७/०७८**

६) बेरुजु दफा २९, कार्यसम्पन्न प्रतिवेदन कार्यक्रम पुस्तिकामा नमुना विद्यालय अन्तर्गत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरुप युगकवि सिद्धिचरण उच्च माध्यमिक विद्यालयको अधुरो निर्माण कार्यसम्पन्न गर्न उपभोक्ता समितिमार्फत कार्य गराउन विद्यालयको खातामा रु.७१,२९,०००/- भुक्तानी दिइएको छ । यसरी विद्यालयको खातामा दिइएको अनियमित देखिएको रकम रु.७१,२९,०००/- नियमित गरी आइन्दा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप मात्रै गर्ने गरी नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष ०७८/०७९**

७) बेरुजु दफा १९, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी प्रकृतिको काम तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा राखी तलब भत्ता समेत रु. १३,०३,६२०/- भुक्तानी गरेको छ । आगामी दिनहरुमा स्वीकृत दरबन्दी बाहेक कर्मचारी नियुक्ति नगर्ने गरी गरी अनियमित भएको रु १३,०३,६२०/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

८) बेरुजु दफा २६.क, लिखु गाउँपालिकाको वडा नं. ९ पोकलीमा स्वास्थ्य चौकीका लागी ४ रोपनी जग्गा प्रति रोपनी ३ लाखका दरले रु १२ लाखमा खरिदका लागि २०७२।०९।१६ मा निर्णय भई २०७२।५।१४ मा रजिष्ट्रेशन पास भइ कार्यालयको नाममा आएको देखिन्छ । उक्त जग्गाका लागि गत विगतमा रु ७,००,०००।— भुक्तानी भई यस आवमा रु ५,००,०००/- भुक्तानी भएको देखिन्छ । कार्यालयले उक्त रकम भुक्तानी गर्दा भुक्तानी गर्न बाँकी रहे नरहेको देखिने भुक्तानी बाँकीको प्रमाणित कच्चेवारी पेश नगरेकोमा आगामी दिनमा भुक्तानी बाँकीको प्रमाणित कच्चेवारी राखेर मात्रै यस्ता भुक्तानी गर्ने गरी अनियमित भएको रु ५,००,०००/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

९) बेरुजु दफा २६.ख, लिखु गाउँपालिका वडा नं. ५ मा रहेको श्री बडडाँडा आधारभूत विद्यालयको भवन निर्माण तथा अन्य प्रयोजनका लागि १-१२-३-३ जग्गाका लागि एकमुष्ट रु १६०००००/- मा खरिदका लागि २०७५।१२।०४ मा निर्णय भई २०७६।२।२६ मा रजिष्ट्रेशन पास भइ विद्यालयको नाममा आएको देखिन्छ । उक्त जग्गाका लागि गत विगतमा रु १२५००००।— भुक्तानी भई यस आवमा रु ३,५०,०००/- भुक्तानी भएको देखिन्छ । आगामी दिनमा पालिकाले जग्गा प्राप्ति गर्दा जग्गा प्राप्तिका विभिन्न प्रकृयाहरु पुरा गरेर मात्रै खरिद प्रकृया अगाडी बढाउने गरी अनियमित भएको रु ३,५०,०००/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१०) बेरुजु दफा ३५, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत काम काज गर्न डा. मोहमद साकिर अन्सारी सँग कार्यलयले सबै प्रक्रिया पुरा गरी नियुक्त गरेको र कोशी प्रदेश अन्तर्गत ओखलढुङ्गा जिल्लाको यो लिखु गाउँपालिका सदरमुकाम बाट ७५ कि.मी. पश्चिम र त्यँहा कुनै सुविधा नभएको ठाउँमा गाउँका बिरामीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै २४ सै घण्टा सेवा दिनुपर्ने हुँदा निजलाई भुक्तानी गरिएको रकम रु. ११,०९,८८०/- नियम सम्मत नदेखिएको रकम तलब सहित नन प्राक्टिस भत्ता समेत गरि दिएकोले आगामी दिनहरुमा यस्तो करार सम्झौतालाई सुधार गर्ने गरी अनियमित भएको रु रु. ११,०९,८८०/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

११) बेरुजु दफा ४२, गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले गाउँपालिकाको अध्यक्षको हकमा ३ दिन सम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागी कार्यपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गराउनुपर्नेमा तीन भन्दा बढीको भ्रमण आदेश आफैं स्वीकृत गरी २,४४,१००/- भत्ता बुझेको देखियो । आगामी दिनमा यस्ता कार्यमा सुधार गर्ने गरी अनियमित भएको रु. २,४४,१००/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१२) बेरुजु दफा ६५, सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायले रु २००००/- भन्दा बढीको मु.अ. कर लाग्ने मालसामान खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकोसँग खरिद गर्नुपर्ने व्यवस्था छ । विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादन आधारित प्रोत्साहन अनुदान वापत ग्रामोदय युग कवि सिद्धिचरण मा.वि. ले विभिन्न सामान खरिद गर्दा आपुर्तिकर्ता मुल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । आगामी दिनमा विद्यालयलाई यस्तो कार्यमा सुधार गर्न जिम्मेवारी बनाई अनियमित भएको रकम रु. ५,१४,०००/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष ०७९/०८०**

१३) बेरुजु दफा ८.१, विपद व्यवस्थापन समितिको निर्णय र गाउँ कार्यपालिकाको २०७९/०६/०८ गतेको निर्णय बमोजिम बाढी पिडित तथा खहरे खोला नजिक घर खेत रहेको खोला जलबायु परिवर्तनको कारणले गर्दा पहिलाको भन्दा बढी बाढी आएकोले निजहरुलाई सुरक्षित ठाउँमा अवतरण गर्नको लागी सहयोग स्वरुप रकम रु. १,१०,०००/- दिइएको छ । जोखिम मूल्याङ्कन नभई खर्च भएको रु. १,१०,०००/- नियमित गरी आगामी वर्षहरुमा विपद् ब्यवस्थापन कोष संचालन कार्यविधि २०७५ तथा आवश्यक कानूनको आधारमा मात्र पिडित यकिन गरि राहत वितरण गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१४) बेरुजु दफा १२.१, गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले गाउँपालिकाको अध्यक्षको हकमा ३ दिन सम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागी कार्यपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गराउनुपर्नेमा तीन भन्दा बढीको भ्रमण आदेश आफैं स्वीकृत गरी १,२०,०००/- भत्ता बुझेको देखियो । आगामी दिनमा यस्ता कार्यमा सुधार गर्ने गरी अनियमित भएको रु. १,२०,०००/- नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१५) बेरुजु दफा १२.३, संघ, प्रदेश र स्थानिय तहका करारका कर्मचारीहरुलाई महँगी भत्ता दिन नमिल्ने अर्थ मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न परिपत्रमा उल्लेख छ । गाउँ कार्यपालिकाको गत विगतको निर्णयलाई आधार मानेर करार कर्मचारीहरुलाई मासिक २००० का दरले भुक्तानी गरिएको अनियमित देखिएको कुल खर्च रु. १९,५०,५४९/- एक पटकलाई नियमित गरी आगामी दिनहरुमा संघीय कानून, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन बमोजिम गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१६) बेरुजु दफा १२.१०, स्वास्थ्य चौकी ९ आयुर्वेद २ विद्यालय २२ वडा कार्यालय ९ र पालिका कार्यालय १ गरी ४२ स्थानमा इन्टरनेट जडान भएको र एरोनेट प्राईभेट लिमिटेडसँग सम्झौता गरि ५०,७१,८६८।१४ मा सम्झौता गरी इन्टरनेट प्राप्त

भएको अवस्थामा स्वीफ्ट नेट प्रा.लि लाई भुक्तानी गरेको रकम रु.६७,८००/- अनियमित भएकोमा बिच बिचमा इन्टरनेटमा आएको समस्या लगायतको कारणले स्वीफ्ट नेटलाई भुक्तानी गर्नुपरेकोले सो रकमलाई नियमित गरी आइन्दा नियमकानुन बमोजिम गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

१७) बेरुजु दफा १२.११, सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउ पत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले एकमुष्ट खरिद योजना नबनाई खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खर्च गरेको अनियमित देखिएको रु. १०,३१,४१२/- अब उपरान्त सार्वजनिक खरिद ऐन, २०६३ र सोही नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खर्च गर्ने गरी नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१८) बेरुजु दफा १२.१२, बैठक तथा भ्रमण खर्च निर्देशिका २०७६ को दफा ९(२) मा फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च कन्टिजेन्सीबाट खर्च गर्ने उल्लेख छ । स्थानीय तहमा कार्यरत भई स्थानीय भत्ता पाईरहेका प्राविधिक शाखा अन्तर्गत कार्यरत कर्मचारीलाई मासिक रु.५०००/- का दरले फिल्ड भत्ता वापतको अनियमित देखिएको खर्च रु. ३,००,०००/- लाई नियमित गरी आगामी दिनमा बैठक तथा भ्रमण खर्च निर्देशिका २०७६ को दफा ९(२) बमोजिम गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१९) बेरुजु दफा १३.१, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिएबमोजिम दिनुपर्ने उल्लेख छ । विचारी आहाल सत्लुङ खोला वडा नं. २ र ३ ड्रोन बाटो ढलान रिटेनिङ वाल लाउने कार्यको लागि गैयादेवी कन्सट्रक्सन एण्ड सप्लायर्ससँग रु. ४२९६४५०।५७ सम्झौता भएकोमा कठीन भौगोलिक अवस्था र प्रतिकुल मौसमका कारण सम्झौता रकम भन्दा बढी काम गर्नुपरेकोले कार्यसम्पन्न प्रतिवेदनका आधारमा बढी भुक्तानी भएको रु. ६६६१४ /- नियमित गरी आइन्दा कार्य सम्झौता बमोजिम मात्रै काम गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२०) बेरुजु दफा १३.२, विचारी आहाल सत्लुङ खोला वडा नं. २ र ३ लिखु गा.पा पर्ने सडक भएको र सोको लागि जयकृष्ण विल्डर्स प्रालि सँग सम्झौता भई काम सम्पन्न भएको अवस्थामा १,२,४,५,६,७,८,९,१० र ११ लोकेशन राखिएको चेनेजमा नै काम सम्पन्न भएको तर काम गर्ने शिलशिलामा कठीन भौगोलिक अवस्था र प्रतिकुल मौसमका कारण केही काम फरक लोकेशनमा समेत गर्नु परेकोले नियम सम्मत नदेखिएको रकम रु.२०,६८,४६५/- नियमित गरी आगामी दिनमा चेनेज प्रष्ट खुलाई कार्य गर्न निर्देशन दिई बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२१) बेरुजु दफा १७.३, गाउँपालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन अनुदान बापत ग्रामोदय युगकवि सिद्धिचरण मा.विलाई नमुना विद्यालय सामग्री खरिद गर्दा कार्य्रकम कार्यन्वयन पुस्तिकाको कार्यक्रम कार्यान्वयन मार्गदर्शन १.३ (ज) मा भएबमोजिम खरिद नभएकोले अनियमित भएको रकम रु. ३०,००,०००/- अव उप्रान्त यस्तो खरिद प्रक्रियालाई कार्यक्रम कार्यान्वयन पुस्तिका साथै सार्वजनिक खरिद ऐन तथा नियमावलि, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि खर्च गर्ने प्रतिवद्धता गर्दै उक्त रकम नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२२) बेरुजु दफा १७.५, विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रोत्साहन अनुदान निकासा दिँदा विद्यालय नदोहोरिने गरी निकासा दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान निकासा दिएकोमा दोहोरो भुक्तानी भएको भनी अनियमित देखिएको रकम रु. १,००,०००/- नियमित गरी आगामी दिनहरुमा विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२३) बेरुजु दफा २१.२, कागतिको विरुवाको दर आफ्नो जिल्लामा दर रेट नभएको अवस्थामा छिमेकी जिल्लाको दररेटमा यातायात जोडी न्यू भण्डारी कृषि तथा पशुपन्छी फर्म लाई भुक्तानी गरेको रकम रु.१,१०,०००/- नियमित गरी आगामी दिनमा यस्ता विषयमा सुधार गर्ने प्रतिवद्धता सहित बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**आर्थिक वर्ष ०८०/०८१**

२४) बेरुजु दफा २.९, पालिकाको धरौटी खातामा अन्तिम मौज्दात तथा यस वर्षको आम्दानी सहित कुल रकम रु. ७१,५७,१०१.०७/- रहेकोमा यस वर्ष धरौटी खाताबाट रकम रु.१३,३३,५६७/- फिर्ता गएको रकम म्यानुवल तवरबाट राखिएको छ। यसरी सुत्र बाहिर मेनुवल तवरमा भएको अनियमित देखिएको रु.१३,३३,५६७/- नियमित गरी आगामी दिनमा धरौटीको सम्पूर्ण कारोवार यथार्थपरक हुने गरी सुत्रको प्रयोग गर्न कार्यालयलाई निर्देशन दिई गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२५) बेरुजु दफा ३१, गाउँपालिकामा स्वास्थ्य जस्तो संवेदनशील सेवा प्रदान गर्न गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाका स्वास्थ्य चौकी तथा इकाइहरुमा अत्यावश्यक सेवा ल्याव असिस्टेन्ट १ र आँखा स्वास्थ्य कार्यकर्ता १ गरि २ जना कर्मचारीलाई करारमा नियुक्ति गरि तलब भत्ता समेत भुक्तानी वापत रु. ६,७९,८७०/- खर्च भएको रकम नियमित गरी आगामी दिनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिम गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२६) बेरुजु दफा ४६, अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा ऐनको व्यवस्था बमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन समावेश नगरी अध्यक्ष, उपाध्यक्ष, ९ वडा अध्यक्ष र ६ कार्यपालिका सदस्य समेत १७ जनालाई अनुगमन खर्च भुक्तानी गरेको नियमसम्मत नदेखिएको रकम रु. ८,१६,०००/- नियमित गरी आगामी वर्षहरुमा गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) अनुसार भुक्तानी गर्दा अनिवार्य अनुगमन प्रतिवेदन बमोजिम मात्रै भुक्तानी गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२७) बेरुजु दफा ४७, पालिकाको आन्तरिक आम्दानीको आधारमा मात्र खर्च गर्नुपर्नेमा पालिकाले डोर हाजिरीमा २ जना कर्मचारीहरुलाई भुक्तानी खर्च लेखेको अनियमित भएको रकम रु. ४,२६,७८४/- आगामी दिनमा कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३(३) अनुसार राख्ने तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती नगर्ने प्रतिवद्धतासहित बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२८) बेरुजु दफा ४८, पालिकाले बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६ पारित गरेको र बुदाँ नं. ९(१) मा नियमित रुपमा फिल्डमा जाने कर्मचारीहरुले कार्य प्रतिवेदनका आधारमा कार्यपालिका निर्णय अनुसार फिल्ड भत्ता उपलब्ध गराउने तथा बुदाँ नं. ९ (२) मा फिल्ड भत्ता रकम कन्टिन्जेन्सीबाट खर्च लेख्नुपर्नेमा गा.पा.को चालु अन्तर्गत फिल्ड भत्ता शिर्षकबाट भुक्तानी खर्च लेखेको नियम सम्मत नदेखिएको रकम रु. ९,१३,६७३/- कन्टिन्जेन्सी शिर्षकमा रकम अपुग भएकोले निज फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई फिल्ड भत्ता चालु शिर्षकबाट खर्च लेखेको आगामी दिनमा यसलाई सुधार गर्दै जाने प्रतिवद्धता सहित बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२९) बेरुजु दफा ५४, एक लाख भन्दा माथिको काम गर्न एक तह माथिको अधिकारीबाट स्वीकृत लिई अमानतबाट कार्य गर्नुपर्ने व्यवस्था भएकोले अनियमित देखिएको रकम रु.१,५९,७३४/- लाई गाउँपालिकामा कार्यालय प्रमुख रहेकोमा वडाध्यक्षले नै स्वीकृत गरि गरिएको निर्माण कार्य अब उप्रान्त सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार एक तह माथीको कार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यान्वयन गर्ने प्रतिवद्धता सहित बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३०) बेरुजु दफा ५६, पालिकाले कुन्डलेश्वर, भकारेढुङ्गा, जाल्पा मन्दिरको डि.पि.आर कार्य गरे वापतको स्मार्ट कन्सल्ट प्रा.ली लाई भुक्तानी गर्दा अख्तियारी प्राप्त अधिकारीबाट स्विकृति नभई भुक्तानी खर्च लेखेकोमा अनियमित भएको रकम रु. ९९,४००/- आगामी दिनहरुमा यसलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) बमोजिम गर्ने प्रतिवद्धता सहित बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३१) बेरुजु दफा ५८.४, अध्यक्ष कप भलिवल प्रतियोगिताको खर्च अन्तर्गत आयोजकको नै टिम भएकोले प्रशिक्षक, यातायात र प्रायाक्टिस मा भएको खर्च वापतको लिखु गाउँपालिकाको टिम (बि) को लागि भुक्तानी दिएको अनियमित भएको रकम रु.१,३३,९९५/- नियमित गरी अब उप्रान्त यस्तो प्रकारको खर्च गर्दा नियम र कानुन तथा विधिसम्मत गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३२) बेरुजु दफा ६३.२, सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको सम्बन्धमा भएको नियमसम्मत नदेखिएको रकम रु. २,८३,२३९/- आगामी दिनहरुमा यस्तो प्रकारको खर्च संघिय सरकारको सशर्त अनुदानबाट नगरिने साथै शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप काम हुने गरी उक्त रकमलाई नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३३) बेरुजु दफा ७१, कार्यालयले पशु प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाख्रा/गाई प्रवर्द्धन कार्यक्रमको बजेटबाट औषधी खरिद गरेको अनियमित देखिएको रकम रु. ४२,१०,७०६/- सशर्त अनुदान तर्फको रकम भएतापनि तोकिएको स्वीकृत बजेट तथा कार्यविधि बमोजिम नै औषधी खरिदवापत १० लाख मात्र भुक्तानी भएकोले उक्त अनियमित देखिएको रकम नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३४) बेरुजु दफा ८०.२, पालिकाको क्रमागत रुपमा स्वीकृत ३ वटा वडा नं. ३, ५ र ७ कार्यालय भवन निर्माण आयोजनामा छुट भएका अत्यावश्यका कार्यहरु वडा कार्यालय घेराबारा, गेट, खानेपानी ट्याङ्की लगायतका कार्यका लागि खर्च भएको अनियमित देखिएको रकम रु. ३२,३९,२२१/- नियमित गरी आगामी दिनमा यस्तो प्रकृतिको योजना/कार्यक्रममा कानुन /नियम /निर्देशिका बमोजिम गर्ने हाललाई नियमित गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३५) बेरुजु दफा ८१.१, राम्चा बाघखोरडाँडा सडक निर्माण योजना वडा नं. १ क्रमागत वजेट र भन्ज्याङ माहोरडाँडा सडक निर्माण योजना वडा नं. ८ र ९ क्रमागत वजेटको रकम एक पटक ठेक्का लागिसकेपछि पुन बचत रकमबाट ठेक्का लगाएकोले कोशी प्रदेश विनियोजन ऐन २०८० को दफा ४ बमोजिम पुन ठेक्का खोल्न नपाउने भएता पनि स्वीकृत लागत अनुमादन भन्दा बाहेक कठिन भौगोलिक परिस्थिति तथा सडकको अवस्थाका कारण खर्च गरिएको अनियमित रकम रु. ४२,४१,७३०/- लाई नियमित गरी आगामी दिनमा नियम कानुन बमोजिम गर्ने गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३६) बेरुजु दफा ८२, बिचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना १० एम एम बढी प्रिमिक्स कार्पेटको मोटाई निर्धारण गरेकोले सम्झौता अनुसार सम्पन्न भएको ५६०० वर्ग मिटरको पिचको कार्यको लागत बृद्धि भएको अनियमित भएको रकम रु. ८,९६,०००/- आगामी दिनहरुमा सार्वजनिक खरिद नियमावली, २०६४ र standard specification for road and bridge works 2075 अनुसार गर्ने हाललाई यस्तो प्रकृतिको खर्च नियमित गरी बेरुजु सम्परीक्षण गर्नको लागि गाउँसभाबाट महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७: प्रस्ताव नं. ७** माथि आवश्यक छलफल गर्दा देहायको कार्यपालिका बैठकबाट यस गाउँ सभाको दोस्रो बैठकमा अनुमोदनको लागि पेश भएका देहायका प्रस्तावहरुलाई स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**निर्णयहरुः**

**१. मिति २०८२/११/०६ गतेको बैठकको निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आ.व २०८२/०८३ को लागि सङ्घीय समपुरक अनुदान र विशेष अनुदानमा सञ्चालन हुने देहायका योजना छनौट गरी योजना आयोग समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**क. संघीय समपुरक अनुदान**

| क्र.सं | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. १,२,४,६, ८ र ९ वडा कार्यालय भवन निर्माण आयोजना | | १ | २, ४, ६, ८ र ९ | |
| २ | लिम्ति- पोकली झरना-वाच्पु-भन्ज्याङ्ग-मुलपधेँरा-यसम सडक निर्माण आयोजना | | २ | ६, ७, ८ र ९ | |
| ३ | जुके खोला खाल्टे सिंचाई आयोजना-लिखु ०६ | | ३ | ६ | |

**ख. संघीय विशेष अनुदान**

| क्र.सं | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | लिखु गाउँपालिका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | १ | | |
| २ | शैक्षिक विकास, गुणस्तरिय स्वास्थ्य सेवा र खानेपानी तथा सरसफाई व्यवस्थापनका लागी सम्मटार सहरी विकास तथा पूर्वाधार आयोजना, लिखु ८ | | २ | ८ | |
| ३ | यसम मा.वि हुँदै बडडाँडा स्वास्थ्य चौकी सम्म सडक स्तरोन्ती आयोजना-लिखु ४ र ५ | | ३ | | |
| ४ | पोकलि आयुर्वेद भवन निर्माण आयोजना, लिखु - ९ | | ४ | ९ | |
| ५ | नर्मदेश्वर पुरातात्विक महादेव मन्दिर संरक्षण आयोजना, लिखु ३ | | ५ | ३ | |
| ६ | दुर्योचन्द्र खनुवा पोखरी निर्माण आयोजना, लिखु ७ | | ६ | ७ | |
| ७ | बिरौटा सिंचाई कुलो आयोजना, लिखु २ | | ७ | २ | |
| ८ | टारकेराबारी वृहत खानेपानी आयोजना, लिखु ८ | | ८ | ८ | |
| ९ | तरतरे जुके महभिर वृहत खानेपानी आयोजना, लिखु ४ र ५ | | ९ | ४ र ५ | |
| १० | पहेँले खोला नौविसे वृहत खानेपानी आयोजना, लिखु १ | | १० | १ | |

## २. मिति २०८२/११/०६ गतेको बैठकको निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा प्रदेश योजना आयोग कोशी प्रदेशबाट आगामी आवधिक योजनामा समावेश हुने योजना बैङ्कका लागि योजना प्रस्ताव माग भइ आएको सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका योजनाहरु योजना बैंकमा समावेश गर्न प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्र.सं | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | कुटीडाँडा मुलपधेँरा, भञ्ज्याङ्ग, माहोरडाँडा सडक निर्माण आयोजना | ५,६,७,८ र ९ | |
| २ | पालिकास्तरीय खेलमैदान निर्माण आयोजना | ५ | |
| ३ | रातमाटा-काफ्लेबेसी माझिगाँउ खानेपानी लिफ्टिङ्ग आयोजना-लिखु ०१ | १ | |
| ४ | दत्तुङ्गे सिंचाई आयोजना-लिखु ०२ | २ | |
| ५ | जनजाती सेवा समाज सामुदायिक भवन निर्माण लिखु-८ | ८ | |
| ६ | सिरिसे टारकेराबारी वडा कार्यालय डाँडाखर्क मझुवा कोप्चे सडक स्तरोन्नति आयोजना | ८ | |
| ७ | कुण्डलेश्वर भकारे ढुंगा पर्यटन पुर्वाधार विकास आयोजना | ८ | |
| ८ | यसम मा.वि हुँदै बडडाँडा स्वास्थ्य चौकी सम्म सडक स्तरोन्ती आयोजना-लिखु ४ र ५ | ४ र ५ | |
| ९ | पोकलि आयुर्वेद भवन निर्माण आयोजना, लिखु - ९ | ९ | |
| १० | नर्मदेश्वर पुरातात्विक महादेव मन्दिर संरक्षण आयोजना, लिखु ३ | ३ | |
| ११ | दुर्योचन्द्र खनुवा पोखरी निर्माण आयोजना, लिखु ७ | ७ | |
| १२ | बिरौटा सिंचाई कुलो आयोजना, लिखु २ | २ | |
| १३ | टारकेराबारी वृहत खानेपानी आयोजना, लिखु ८ | ८ | |
| १४ | तरतरे जुके महभिर वृहत  खानेपानी आयोजना, लिखु ४ र ५ | ४ र ५ | |
| १५ | पहेँले खोला नौविसे वृहत खानेपानी आयोजना, लिखु १ | १ | |
| १६ | यसम मा.वि हुँदै बडडाँडा स्वास्थ्य चौकी सम्म सडक स्तरोन्ती आयोजना-लिखु ४ र ५ | ४ र ५ | |
| १७ | दाहालटार-रजाय-यसम-मचाबारी खाल्टे सडक आयोजना | ३,४ र ६ | |
| १८ | माटे-गाम्नाङ्ग-पोखरिडाँडा हुदै बौद्व खिजिदेम्बा जोड्ने सडक आयोजना | ६,७,८ र ९ | |
| १९ | दाहालटार-बाघखोरडाँडा-जोगीडाँडा सडक आयोजना | ३ | |

## ३. मिति २०८२/११/०६ गतेको बैठकको निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः

प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार लिखु गाउँपालिकाको आ.व २०८०।०८१ को स्थानीय तह संस्थागत स्वमूल्यांकन (LISA) को अन्तिम नतिजा सार्वजनिक गरी आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो। प्रतिवेदन यसै साथ संलग्न छ।

## ४. मिति २०८२/१२/१३ गतेको बैठकको निर्णय नं. ९, प्रस्ताव नं. ९ उपरको निर्णयः

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका कार्यक्रमहरु शीर्षकान्तरका लागि देहाय अनुसार संशोधन गर्ने तथा आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र.सं. | साविक आयोजना | हाल कायम गरिएको आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | लिड्स नेपालसँग खानेपानी साझेदारी कार्यक्रम छतिउने आर्यघाट, खत्रीटोल एसविआई बैंक | लिखु वडा नं. ४ खानेपानी आयोजना | ७,००,००० | लिखु गाउँपालिका |

| | | | | |
|---|---|---|---|---|
| | आसापास महावीर कुटीडाँडा, मचावारी जामुने ट्याङ्की मर्मत १७५ धारा निर्माण लिखु ४ | | | |
| २. | भञ्ज्याङ कोप्चे सडक मर्मत आयोजना | भञ्ज्याङ कोप्चे सडक तथा खाडी डाँडा, सानीमझुवा डुडेखोला सडक मर्मत आयोजना | ४,००,००० | लिखु गाउँपालिका |

**५. मिति २०८२/०१/२५ गतेको बैठकको निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका योजना/कार्यक्रमहरु रकमान्तर तथा शीर्षकान्तर गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | साविक योजना | श्रोत | खर्च शीर्षक | विनियोजित रकम | कायम हुने योजना | शिर्षकान्तर रकम |
|---|---|---|---|---|---|---|
| १ | नवजात शिशुको लागि पोषणयुक्त स्वास्थ्य हेरचाह कार्यक्रम | संघीय समानीकरण | २२५२२ | ३५००००.०० | नवजात शिशु बचत खाता | ३५००००.०० |
| २ | डेन्टल किल्निक स्थापना तथा सञ्चालन, स्वास्थ्यचौकी गाम्नाङ्गटार | संघीय समानीकरण | २२५२२ | ६४४०००.०० | आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन | ६४४०००.०० |
| ३ | पिप्ले खानेपानी ट्याङ्की निर्माण आयोजना, लिखु -१ | संघीय समानीकरण | ३११५६ | २०००००.०० | पिप्ले खानेपानी ट्याङ्की निर्माण तथा लिड्स नेपालको साझेदारी लिखु -१ | २०००००.०० |
| ४ | नर्मदेश्वर पँधेरो निर्माण आयोजना, लिखु -३ | संघीय समानीकरण | ३११५६ | ७००००.०० | नर्मदेश्वर पँधेरो निर्माण खानेपानी व्यवस्थापन तथा लिड्स नेपालसँग साझेदारी, लिखु -३ | १५००००.०० |
| ५ | कैदल पँधेरो निर्माण, लिखु -३ | आन्तरिक श्रोत | १३१५६ | ८००००.०० | | |
| जम्मा | | | | १३४४०००.०० | | १३४४०००.०० |

**६. मिति २०८२/०३/०९ गतेको बैठकको निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्न बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि गाँउसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**राष्ट्रिय रोजगार कार्यक्रम आ.व. २०८२/०८३ को आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको विवरण |
|---|---|
| १ | सोलिङ तथा घोरेटो बाटो निर्माण आयोजना लिखु-१ |
| २ | १. वाङ्गेटार आँपडाँडा सडक सोलिङ तथा ढलान स्तरोन्नती आयोजना लिखु-२<br>२. मुलपँधेरा ठुलो चिलाउने सिडी निर्माण आयोजना लिखु-२ |
| ३ | कृषि सडक सोलिङ तथा जाली निर्माण आयोजना लिखु-३ |
| ४ | सहायक कृषि सडक स्तरोन्नती आयोजना लिखु-४ |
| ५ | १. खहरेखोला वसपार्क सडक सोलिङ आयोजना लिखु-५<br>२. भालुडाँडा आईतबारे, मानेडाँडा घोरेटो बाटो निर्माण आयोजना लिखु-५ |

| | |
|---|---|
| ६ | डाँडाटोल गैराघर रबेवर सडक सोलिङ आयोजना लिखु-६ |
| ७ | स्थानीय सडक स्तरोन्नती तथा स्थानीय घोरेटो बाटो निर्माण आयोजना लिखु-७ |
| ८ | सातदोबाटो सिस्ने घोरेटो बाटो निर्माण तथा मुलावारी कोप्चे सडक सोलिङ आयोजना लिखु-८ |
| ९ | सोलिङ स्तरोन्नती मर्मत आयोजना लिखु-९ |

**७. मिति २०८२/०३/०९ गतेको बैठकको निर्णय नं. ६, प्रस्ताव नं. ६ उपरको निर्णयः**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को लागि सोह्रौ गाउँसभाको बैठकबाट मिति २०८१/०३/२७ गते पारित नीति, कार्यक्रम तथा बजेट अनुरुप गाउँपालिकाको निर्णय बमोजिम भएका कार्य एवम् खर्चहरु गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयबाट गाउँपालिकाबाट भएका कार्य एवम् खर्चहरु अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**८. मिति २०८२/०३/०९ गतेको बैठकको निर्णय नं. ७, प्रस्ताव नं. ७ उपरको निर्णयः**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको कार्यालय, विषयगत शाखाहरु र मातहतका कार्यलयहरुमा स्वीकृत दरबन्दी बाहेकका गाउँ कार्यपालिकाको निर्णय बमोजिम नियुक्ति भएका स्वास्थ्य सेवाका कर्मचारीहरु मेडिकल अधिकृत ल्याब टेक्निसियन तथा नेत्र सहायक र कार्यालयमा नियुक्त भएका ज्यालादारी कर्मचारीहरुको नियुक्ति अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।